# राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


## प्रेस-विज्ञप्ति

३ पुस, २०७७

### आप्रवासी नेपाली श्रमिकहरुको समस्या समाधानमा गम्भीर बन । आयोग र सुहाकाम बीचको समझदारी एक वर्ष थप

विश्व आप्रवासन दिवस (डिसेम्बर १८) को सन्दर्भमा राष्ट्रिय मानव अधिकार आयोग सम्पूर्ण आप्रवासी कामदार तथा उनीहरुको परिवारका सदस्यहरुमा हार्दिक शुभकामना व्यक्त गर्दछ ।

यसै सन्दर्भमा मलेशियामा रहेका आप्रवासी नेपाली श्रमिकहरुको मानव अधिकार संरक्षण र सम्वर्द्धनको सम्बन्धमा आयोगले राष्ट्रिय मानव अधिकार आयोग मलेशिया (सुहाकाम) सँग छलफल गरेको छ । छलफलमा राष्ट्रिय मानव अधिकार आयोग मलेशियाका सदस्य श्री जेराल्ड जोसेफ तथा राष्ट्रिय मानव अधिकार आयोग नेपालका सचिव श्री वेद भट्टराई, मलेशिया स्थित विभिन्न शहरका नेपाली श्रमिक प्रतिनिधिहरु, नेपाली दूतावासका प्रतिनिधि, कन्सुलर सेवा विभाग नेपाल, वैदेशिक रोजगार विभाग तथा आप्रवासन क्षेत्रमा कार्यरत मानव अधिकारकर्मीहरुको सहभागिता रहेको थियो । नेपाल तथा मलेशियामा रहेका दुवै देशका आप्रवासी श्रमिकहरुको मानव अधिकार उल्लंघन भएको अवस्थामा उजूरी ग्रहण गर्ने, दुई आयोगबीच उजूरी प्रेषण तथा सूचना आदान प्रदान, अनुगमन लगायतका विषयहरुमा प्राथमिकताका साथ कार्य गर्ने सहमति भएको छ । समझदारी पत्रका अनुसार समस्यामा परेका कुनै पनि आप्रवासी नेपाली श्रमिकले राष्ट्रिय मानव अधिकार आयोग मलेशियामा उजूरी गर्न सक्नेछन् । नेपाली आप्रवासी श्रमिकहरुको मानव अधिकार संरक्षणका लागि नोभेम्बर १४, २०१९ मा दुई आयोगबीच भएको समझदारीपत्र डिसेम्बर १७, २०२० बाट लागू हुने गरी पुन: एक बर्षको समयावधि थप हुने गरी हस्ताक्षर भएको छ ।

कोभिड-१९ महामारीका कारण रोजगारी गुमाई नेपाल फर्केका आप्रवासी नेपाली श्रमिकहरुको अभिलेखीकरण गरी प्रभावकारी पुन:एकीकरणका लागि संघीय सरकार, प्रदेश सरकार एवं सम्बद्ध अन्य संघ संस्थाहरुसँग समन्वय गरी कार्य गर्न सबै स्थानीय निकायहरुलाई आयोग अनुरोध गर्दछ । रोजगारीका गन्तव्य मुलुकहरुबाट कोभिड-१९ महामारीका कारण पारिश्रमिक तथा सुविधा नपाएका, कामबाट निश्काशन गरिएका, अलेखबद्ध श्रमिकहरु एवं घरेलु महिला श्रमिकहरुको अवस्थाप्रति गम्भीर भई न्यायोचित रुपमा समस्याको समाधान गर्न आयोग नेपाल सरकारलाई आग्रह गर्दछ । व्यवसाय तथा मानव अधिकार संरक्षणका सिद्धान्तहरुलाई अवलम्बन गरी कार्य गर्न समेत यस क्षेत्रमा कार्यरत सबै निजी संस्थाहरुलाई आयोग अनुरोध गर्दछ ।

साथै, सबै आप्रवासी कामदारहरु तथा उनीहरुको परिवारको संरक्षण सम्बन्धी संयुक्त राष्ट्र संघीय महासन्धि, १९९० एवं घरेलु कामदार सम्बन्धी अन्तर्राष्ट्रिय श्रम संगठन अभिसन्धि नं १८९ (२०११) लाई अनुमोदन गर्न भनी यस अघि आयोगद्वारा गरिएको सिफारिस कार्यान्वयनका लागि नेपाल सरकारलाई पुन: स्मरण गराउँदछ ।

डा. टीकाराम पोखरेल
प्रवक्ता
(सहसचिव)